छलफल तथा निर्णय

१. राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूबाट समितिको मिति २०७५ जेठ २१ मा वसेको ४२औं बैठकलाई निर्देशन दिने क्रममा विषयगत मन्त्रालयले आफ्नो कार्यक्षेत्रसम्बन्धी विषयहरुमा प्रोफाइल तयार गर्ने र मन्त्रालयसँग सम्बन्धित क्षेत्रहरुमा नीतिगत, प्रकृयागत एवम् बिहंगम प्रकृतिका समस्या तथा सवालहरु भए सो पहिचान गरी समितिमा पेश गर्न निर्देशन दिनु भएको र केही माननीय मन्त्रीज्यूहरुले समेत त्यस्तै आशय प्रकट गर्नु भएको हुँदा तद्नुसार प्रोफाइल तयार गर्न र त्यस्ता समस्याहरुको सूची तयार गर्न लगाई २०७५ श्रावण मसान्त भित्र आयोगलाई उपलब्ध गराउन सम्बद्ध सबै मन्त्रालयका सचिवहरुलाई पत्राचार गर्ने र सोको जानकारी माननीय मन्त्रीज्यूहरुलाई दिने ।

२. प्रदेश र स्थानीय तहलाई प्रदान गरिने समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधि सम्बन्धमा बैठकमा प्रस्तुति एवम् छलफल भयो । सो कार्यविधिमा बैठकमा प्राप्त सुझावहरुलाई समावेश गरी आयोगको प्रतिक्रिया पठाउने ।

३. स्थानीय तहको आवधिक योजनाको लागि मस्यौदा गरिएको दिग्दर्शन सम्बन्धमा बैठकमा प्रस्तुति एवम् छलफल भयो । सो दिग्दर्शनका सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई नमूना परीक्षण गरी प्रतिक्रिया उपलब्ध गराउन आयोगबाट पहिले नै अनुरोध गरिएकोमा हालसम्म प्राप्त नभएकाले पठाइदिन ताकेता गर्ने । साथै, उक्त दिग्दर्शनलाई थप परिमार्जन र प्रदेश तहको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन र सोसंग अन्तरसम्बन्ध कायम गर्न माननीय डा. कृष्ण प्रसाद ओली, माननीय श्री मीनबहादुर शाही र माननीय डा. राम कुमार फुयाँल समेत पदाधिकारीहरुको समूह गठन गर्ने । यस्तो परिमार्जन १५ दिन भित्र टुङ्ग्याई आयोगमा पेश गर्ने ।

४. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पेश हुन आएको "ग्रामीण सञ्जाल सुधार आयोजना (Rural Connectivity Improvement Project)" लाई राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सिफारिस गर्ने ।

५. केन्द्रीय तथ्याङ्क विभागबाट प्रस्तुत भएको जिल्लास्थित तथ्याङ्क कार्यालयहरुको पुनर्संरचनासम्बन्धी प्रस्ताव उपयुक्त देखिएकाले स्वीकृतिका लागि प्रकृया अघि बढाउने ।

६. आयोगको आगामी आ.व. को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना सम्वन्धमा थप छलफल भयो ।

२०७५।३।४